नारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दैलेख

कर्णाली प्रदेश, नेपाल

# बालिका विशेष सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८२

नगरपालिकाबाट स्वीकृत मिति : २०८२ वैशाख २५

प्रमाणित गर्नेको दस्तखत :

# बालिका विशेष सहयोग कार्यक्रम संचालन कार्यविधि २०८२

**प्रतावना:**

बालबालिकाहरु राष्ट्रको कर्णधार हुन्। नागरिकको जीवन सुरक्षा गर्नु राज्यको पहिलो कर्तव्य हो। यसका साथै भविष्यको कर्णधारको रुपमा रहेका बालबालिकाहरुको संरक्षणमा सरकारको प्रभावकारी भुमिका आवश्यक छ। नेपालमा बालिकाहरुको अवस्था निकै नै कमजोर छ। राज्यका नीति तथा कार्यक्रमहरुले बालिकांहरुको सुरक्षाका विषयलाई गम्भिरतापुर्वक सम्वोधन गर्नुपर्ने आवश्यकता छ।घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकारले विशेष संरक्षणको आवश्यकता रहेका वालिकाहरुको लागि प्रभावकारी रुपमा कार्यक्रमहरु ल्याउन आवश्यक छ। वर्तमान अवस्थामा शिक्षामा बालिकाहरुको पहुँच विभिन्न कारणले नपुग्ने, विद्यालयसम्म पुगेपनि विचमै छोड्नुपर्ने र वाध्यतावश बालविवाह गर्नुपर्ने वाध्यता छ। विभिन्न कारणले असहाय भइ चरम गरिवीका कारण शिक्षालाई निरन्तरन्ता दिन नसकेका बालिकाहरुलाई सहजरुपमा शिक्षाको अवसर प्राप्त गर्नुका साथै बालविवाह दुरुत्साहन गर्न स्थानीय सरकारको सक्रियता आवश्यक छ।

नारायण नगरपालिकामा पछिल्लो जनगणनाअनुसार कुल जनसंख्या २६१११ रहेको छ जसमा पुरुषको संख्या १२२०५ र महिलाको संख्या १३९०६ रहेको छ। नगरपालिकामा १९ वर्ष मुनिका १०६२७ जनसंख्या रहेको छ। नगरपालिकाको तथ्यांक अनुसार यहाँको साक्षरता ७८ प्रतिशत रहेको छ। नगरपालिकामा अपांगता भएका व्यक्तिहरु ३.६ प्रतिशत रहेका छन्। यस नगरपालिकामा रहेका दलित, जनजाति, सिमान्तकृत समुदाय एवं अति विपन्न समुदायका बालवालिकाहरुलाई राज्यको तर्फवाट विशेष संरक्षणको आवश्यकता रहेको देखिन्छ।

स्थानीय सरकार सन्चालन ऐन, २०७४ मा समेत बालवालिकाको विषयमा गरिएको व्यवस्था वमोजिम नगरपालिकाका क्षेत्र भित्रका वालिकाको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयनगर्ने, राष्ट्रियनीति अनुरुप अनाथ बालवालिका, असहाय,, अपांग तथा अशक्तहरुको संरक्षण सम्वन्धि कार्य गर्ने र सामाजिक कुरीती हटाउने तथा चेलीवेटी एवंम नारी संरक्षण सम्वन्धी काम गर्ने गराउने तथा पिछडिएका तथा वालवालिकालाई प्रत्यक्ष लाभ पुग्ने कार्यहरु गर्ने गराउने तथा पिछडिएका तथा उत्पिडित वालवालिकाका लागि विशेष संरक्षण कार्यक्रमल्याउनु वाञ्छनिय देखिएकोलेनारायण नगरपालिकामा बालिका विशेष सहयोग कार्यक्रम सन्चालन गर्नको लागि यो कार्यविधिको निर्माण गरिएको छ।

जसको उद्देश्य निम्नानुसार छ:

प्रमुख प्रशासकीय अधिकृत।

नगर प्रमुख

- दलित, जनजाती, विपन्न, अपांगता भएकार अति सिमान्तकृत बालिकाहरुको संरक्षण गर्नका लागि वचत कार्यक्रम मार्फत प्रोत्साहित गर्नु।
- २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई रोक्ने अभियानमा सहयोग गर्नु।
- विभिन्न संघ संस्थावाट संचालन हुने बालिका सम्वन्धि कार्यक्रमहरुलाई सहयोग पुर्याउने।
- बालिकाहरुको आत्मविश्वासमा वृद्धी गरि उनीहरुको भित्र रहेको संभावनालाई उजागर गर्दैन्यायपुर्ण समाजको निर्माणको टेवा पुर्याउने।

## परिच्छेद एक

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम : यस कार्यविधिको नाम "बालिकाविशेषसहयोग कार्यक्रम सन्चालन कार्यविधि २०८२रहनेछ। यो कार्यविधि नारायणनगरपालिका भित्र मिति २०८२ वैशाख २५ गतेको निर्णयानुसार मिति २०८२ वैशाख २६.गतेदेखि लागु हुनेछ।

## परिच्छेद –दुई

## परिभाषा

२. यस कार्यविधि बमोजिम विषय वा प्रसंगले अर्को अर्थ नलागेमा देहायका शव्दहरुको परिभाषा निम्नानुसार हुनेछ।

(१) विशेष कार्यक्रम: भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि स्थापना भएको बालिका विशेष कार्यक्रमलाई सम्झनु पर्नेछ।

(२) कार्यविधी: भन्नाले बालिका विशेष सहयोग कार्यक्रम संचालन कार्यविधिलाई बुझाउछ।

(३) व्यवस्थापन समिति :भन्नाले बालिका विशेष सहयोग कार्यक्रम संचालन समितिलाई बुझाउछ।

(४) जोखिममा रहेका बालिका : जोखिममा रहेका बालिका भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५को परिच्छेद ५ को दफा ४८ अनुसारका बालिकाहरुलाई बुझाउछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

## परिच्छेद तीन

## व्यवस्थापन समिति गठन

३. व्यवस्थापन समिति गठन : (क) बालिका विशेष कार्यक्रम संचालन तथा आवश्यक नीति निर्देशन प्रदान गर्नको लागी देहाय बमोजिमका सदस्यहरु रहने गरि एक व्यवस्थापन समिति गठन गरिनेछ।

| | |
|---|---|
| नगर प्रमुख: | संयोजक |
| नगर उपप्रमुख: | सदस्य |
| सामाजिक समितिका संयोजक: | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| सामाजिक विकास अधिकृत | सदस्य |
| नगर प्रमुखले तोकेको एकजना वालबालिका सम्वन्धि काम गर्ने सक्रिय गै.स.स | सदस्य |
| नगरपालिका स्तरीय वाल सञ्जाल र वालक्लवको प्रतिनिधि (वालिका) | सदस्य |
| महिला तथा वालवालिका हेर्ने शाखा प्रमुख | सदस्य-सचिव |

(ख) आश्यकता अनुसार विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरुलाई वैठकमा आमान्त्रित गर्न सकिनेछ।

(ग) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय वमोजिम हुनेछ :

- पहिचान गर्ने र सहयोग कार्यक्रमलाई कार्यान्वयन गर्ने र छनौटको अन्तिम निर्णय गर्ने अधिकार यस समितिलाई हुनेछ।
- नगरपालिकाको लैगिंक समानता, समता र मुल प्रवाहिकरण एंव वालवालिका सम्वन्धि कार्यलाई योजनावद्ध रुपले अघि बढाउने खालका कार्यक्रमहरु संचालनका लागि सवै निकायसंग समन्वय गर्ने।
- नगरपालिका भित्र रहेका अति जोखिममा रहेका सिमान्तकृत, लोपोन्मुख जातजातिका बालिका, असक्त, अपांग, दलित आदि बालिकाको वस्तुस्थिति पत्र तयार गर्ने तथा अध्यावधिक गर्ने

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- अति सिमान्तकृत बालिकाहरुको विकासका लागि योजना तयार गरी कार्यान्वयनका लागि सम्बन्धित सबै निकायसंग समन्वय गर्ने।
- असहाय, असक्त, अपांगता तथा दलित, आदिवासी जनजाति, विपन्न लगायतका बालबालिकाहरुको संरक्षणका लागि, सम्वन्धित निकायसंग समन्वय गंरि कार्यक्रम संचालन गर्ने।
- नगरपालिकामा निमार्ण हुने अति सिमान्तकृत वालिका सम्वन्धिका योजना तर्जुमा गर्न सहयोग गर्ने।
- वार्षिक रुपमा प्रतिवेदन सामाजिक समिति मार्फत नगर सभामा पेश गर्नु पर्नेछ।
- वालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुको प्रोफाइल तयार गर्ने ।
- वालिकाको क्षेत्रमा भएका कार्यक्रमहरुको अनुगमन गर्ने, वार्षिक समिक्षा गरि प्रतिवेदन तयार गर्ने।
- वालिका विशेष सहयोग कार्यक्रमका लागि बालिका छनौट कार्यमा सहजिकरण, समन्वय तथा प्रक्रियागत रुपमा कार्यन्वयन गर्ने

## परिच्छेद —चार

## समितिको बैठक सम्बन्धि व्यवस्था

### ४. बैठक सञ्चालन तथा सुविधा

क) व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार जुनसुकै समयमा वस्नेछ। यसको लागि समितिको संयोजकले वैठकको लागि निर्देशन दिनेछ।

ख) यस्तो वैठकमा समन्वय एव सहकार्यका लागि विभिन्न संभावित दाताहरु लाई आवश्यकता अनुसार निमन्त्रणा गरि राय सुझाव लिन सक्नेछ।

## परिच्छेद पाँच

## कार्यक्रममा सहभागिता एवं खाता सन्चालन सम्बन्धी व्यवस्था

### ५. विशेष संरक्षणको आवश्यक रहेका बालिका

वालबालिका सम्वन्धी ऐन २०७५ को परिच्छेद ५ को दफा ४८ अनुसार देहाय बमोजिमका बाल वालिकाहरुहरु लाई विशेष संरक्षणको आवश्यकता भएको भनिएको छ। यस कार्यक्रम सन्चालनको क्रममा यसै दफालाई आधार मानि ती मध्ये देहाय बमोजिमका कार्यक्रमबाट लाभान्वित बालिका

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

छनौट गरिनेछ। कम्तिमा ५ बर्ष पुरा भई १८ बर्ष नपुगेका नगरपालिका भित्र बसोबास गरिरहेका बालिकाहरु यस कार्यक्रमको लाभान्वित हुन सक्नेछन्।

क) आमा बाबु दुबैको मृत्यु भएकोवा कुनै एकको मृत्यु भई एक्लै बसिरहेकावा टाढाको आफन्तको सहारामा बसिरहेका अनाथ बालिका,

ख) अस्पताल वा अन्य कुनै सार्बजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबु आमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालिका,

ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपांगता वा अशक्तता भएका कारण उचित हेरचाह नपाएका बालिका,

घ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालिका,

ङ) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनि बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालिका,

च) विपद् कारणले बाबुआमा दुवै वा बाबुआमामध्ये एक गुमाएका, वेपत्ता भएका वा आफू नै शारिक वा मानसिक रुपमा घाइते भएका वा अपांगता भएका बालिका

छ) दलित, जनजाती, अपांगता भएकार अति सिमान्तकृत समुदायका विपन्न बालिकाहरु

## ६. खाता सन्चालन प्रक्रिया

यस कार्यक्रम सन्चालनको लागि छनौट भएका बालिकाहरुको सेवा प्रदायक वित्तिय संस्थाको रुपमा नगरपालिकामा सन्चालन रहेको कुनै एक वैंकमा खाता खोलिनेछ। खाता सन्चालन सम्वन्धी विवरण देहायबमोजिम हुनेछ।

क) बैंक खाता खोल्नको लागि दफा ६ बमोजिमका बालिकाहरुले वडास्तरीय वाल अधिकार समितिले छनौट गरि व्यवस्थापन समितिसमक्ष सिफारिश गर्नेछ। बालिकाहरुले नगरपालिकामा आवेदन दिनका लागि अनुसुची १ बमोजिममा ढाँचा प्रयोग गर्नुपर्नेछ।

ख) व्यवस्थापन समितिले प्राप्त सुची अध्ययन गरि अन्तिम निर्णय गरि बालिकाको खाता खोल्ने प्रक्रिया अगाडी वढाउनेछ। यस्तो खाता खोल्दा बालिका स्वंयम, बालिकाको नजिकको आफन्त वा जसको साहारामा बालिकामा रहेको त्यस्ता आफन्त र निर्देशक समितिको सदस्य सचिवको रहोवरमा खोलिनेछ।

ग) कार्यक्रम अन्तर्गत खातावाला बालिकाले पाउने सेवा सुविधा नगरपालिका र सेवा प्रदायक वित्तिय संस्थाविचको सम्झौता बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

घ) सम्झौता अनुसार खाताबाला बालिकाले हरेक वर्ष प्राप्त गर्ने व्याजबापतको रकम सम्बन्धित खातामा नै जम्मा गरिनेछ र सो रकम निकालि बालिकाहरुले आफ्नो शैक्षिक विकासका कार्यक्रममा खर्च गर्न सक्नेछन्।

ङ) खातामा जम्मा भएको अन्तिम रकम भुक्तानीको लागि खातावालाले विस वर्ष पुरा भएको र एसइइ सम्मको अध्ययन पुरा गरेको प्रमाण सहितको निवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ। यस्तो निवेदन प्राप्त भएपछी नगरपालिकाले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ। नगरपालिकाबाट लेखि आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने व्याज एकमुष्ट रुपमा खातावालालाई भुक्तानी गर्नेछ।

च) विशेष कारणवश एसइइ पारित गर्न नसकेतापनि आधारभुत शिक्षा पुरा गरी अन्य सिपमा जोडिएको छ भने सुविधा पाउन सक्ने हकमा व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ। यस कार्यविधिमा अन्यत्र जेसुकै कुरा लेखिएपनि देहायबमोजिमको अवस्थामा व्यहोरा पुष्टी हुने कागजात सहित भुक्तानी मागेमा कार्यविधिको अनुसारको म्याद पुग्नुअगावै भुक्तानी दिइनेछ।

- खातावाला छोरीको मृत्यु भएमा वा
- गम्भिर प्रकृतिको रोग लागेको भनि सरकारी अस्पतालबाट प्रमाणित भइ सोही कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा
- यदि यस कार्यक्रम अन्तर्गतका बालिकाहरु वसाइसराई अर्को पालिकामा गएको खण्डमा बालिकाहरुलाई सो सुविधाको निरन्तरताका लागि नगरपालिकाले पहल गर्नेछ।

छ) यस कार्यविधिमा रहेका सर्तहरु पुरा नभएर रकम भुक्तानी गर्न नसक्ने अवस्थामा वडास्तरीय वालअधिकार समितिको सिफारिसमा व्यवस्थापन समितिले सो रकमको लागि अर्को संरक्षणको आवश्यकता भएको बालिका छनौट गर्नेछ।

ज) नगरपालिकाले खातामा रकम एक बालिकाको लागि एक पटक जम्मा गरिनेछ। तर अन्य सहायताहरु लिन सकिनेछ। यसको लागि नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रमका साथै संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार एवं व्यक्तिगत दाताहरुको समेत सहयोग लिन सक्नेछ। यस्तो सहयोग नगरपालिकाको खातामा जम्मा गरी त्यसबाट बालिकाहरुको खातामा जम्मा गरिनेछ।

झ) यस कार्यक्रममा सहभागी भएका बालिकाहरुको विवरण गोप्य राखिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

७. यो कार्यक्रम सन्चालनका क्रममा एसइइ उतिर्ण भएको तर २० वर्ष पुगिनसकेको अवस्थामा नगरपालिकाले बालिकाहरुलाई शैक्षिक निरन्तरता वा अन्य आयआर्जनका लागि सिप र रोजगारीका कार्यक्रममा जोडिन सघाउन सक्नेछ।

## परिच्छेद छ

## संसोधन तथा परिमार्जन

८. संसोधन तथा परिमार्जन :

क) बालिका विशेष कोषलाई व्यवस्थित र सुदृढ बनाउनको लागि प्राप्त अनुभव र सुझावको आधारमा नगर कार्यपालिकाको बैठकबाट आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

## परिच्छेद सात

## विविध

९. खाता सन्चालनको क्रममा खाता खोल्नका लागि प्राप्त कागजात र प्रमाणहरु झुट्टा वा किर्ते ठहरिएमा खाता खोलिनेछैन , खाता खोलिसकिएको हकमा खातामा रहेको रकम र त्यसबाट प्राप्त हुने व्याज प्रदान गरिनेछैन। साथै यसरी झुट्टा वा किर्ते कागजात एवं प्रमाण पेश गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही समेत हुनेछ।

१०. खारेजी तथा बचाउ : यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

## अनुसुची १

आवद्धताका लागि नगरपालिकामा दिने निवेदनको ढाँचा

| छोरीको फोटो | अभिभावक वा संरक्षकको फोटो |
|---|---|

मितिः...................

श्रीमान् प्रमुखज्यू,
संयोजक, बालिका विशेष सहयोग कार्यक्रम संचालनव्यवस्थापन समिति,

विषयः- कार्यक्रममा आवद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा नारायण नगरपालिकामाबालिका विशेष सहयोग कार्यक्रम कार्यक्रममा सहभागी हुन मञ्जुर भइ आवद्धताका लागि यो निवेदन गरेको छु ।

बालिकाको नाम : ..................................................

जन्म मिति : ..................................................

जन्म दर्ता नम्बर : ..................................................

जन्म दर्ता मिति : ..................................................

बाबुको नाम : ..................................................

आमाको नाम : ..................................................

बाजेको नामः ..................................................

यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिबद्वता व्यक्त गर्दछु ।

१. म छोरी पढाउने र कम्तिमा माध्यमिक शिक्षा पुरा गराउने प्रतिवद्वता व्यक्त गर्दछु ।

२. प्रचलित कानूनको अधिनमा रही छोरीको उमेर २० वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।

३. कार्यक्रमका शर्त, नियम तथा निर्देशन र प्रतिवद्वता बाहिर अन्य कुनै सेवा र सुविधाको दावी गर्ने छैन

४. म छोरा र छोरीबीच लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्नेछैन् ।

मुल प्रतिसंग रुजु गरियो ... (stamp: नारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दैलेख, कर्णाली प्रदेश, नेपाल) नगर प्रमुख

विकास एवं क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरी निजको उज्ज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

६. उपरोक्त शर्तहरु पुरा नभएको अवस्थामा कार्यक्रम अन्तरगत नगरपालिकाले उपलब्ध गराईएको बैङ्क खाता रोक्का गर्न वा खाता बन्द गरी सो खातामा भएको सम्पूर्ण रकम फिर्ता गर्ने सहमती व्यक्त गर्दछु ।

आवेदनमा पेश भएको ब्यहोरा र कागजातहरु साँचो हुन् । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>छाप निवेदक</u>

<u>दायाँ</u> <u>बायाँ</u>

| | |
|---|---|
| | |

हस्ताक्षरः-

नामः-

ठेगानाः-

मितिः-

१. छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

२. अभिभावकमध्ये एक वा दुवै जनाको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. छोरीको पासपोर्ट साइजको फोटो थान ६

४. अभिभावक वा संरक्षकको पासपोर्ट साइजको फोटो थान ६

५. वैकल्पिक स्याहारमा रहेको छोरीको हकमा संरक्षण गर्ने संस्थाले संरक्षकत्व ग्रहण गरेको अवस्थामा संरक्षकत्व गरेको प्रमाणको प्रमाणित प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

६. व्यक्ति संरक्षक भएको अवस्थामा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुसूची - २

**खाता खोल्नको लागि स्थानीय तहले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा**

नारायणनगरपालिका

नगर कार्यपालिकाको कार्यालय

..............................

श्री प्रवन्धकज्यू,

...................................... बैंक

मितिः........................

**विषयः- खाता खोलिदिने बारे ।**

प्रस्तुत विषयमा नारायण नगरपालिकाकोबालिका विशेष सहयोग कार्यक्रम कार्यक्रम अन्तर्गत देहायका व्यक्तिहरुको खाता खोलिदिनुहन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ । निजहरुको खाता खोली खाता नंवर सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

देहायः

| क.स. | खातावालाछोरीको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

दस्तखतः

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## अनुसुची ३

### नगरपालिका र सेवा प्रदायक वित्तिय संस्था(बैक) बीच हुने सम्झौतामा खुलाउने पर्ने विषयहरु

१. सम्झौताको अवधि : कार्यविधि बमोजिम रद्ध नहुँदासम्म।

२. खाता खोल्दाको न्युनतम मौज्दात: शुन्य हुने।

३. ब्याजदर: सेवा प्रदायक संस्थाले उपलब्ध गराउन सक्ने उच्चतम ब्याजदर

४. सामाजिक उत्तरदायित्व : सेवा प्रदायक संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गतको रकमबाट कार्यक्रममा हुने योगदान

५. बचतको बीमा: कार्यक्रम अन्तर्गत खोलिएका खातमा रहेको बचत रकम कुनैपनि अवस्थामा जोखिममा नपर्ने व्यवस्था

६. थप बोनस वा अन्य कुनै लाभ: खातामा मौज्दात रहने रकमको ब्याजका अतिरिक्त थप बोनस वा अन्य कुनै लाभ।

७. ब्याजवापतको रकम फिर्ता लिने अवस्था: यस कार्यक्रमको उद्धेश्य बालिकाहरुको शैक्षिक विकासमा योगदान गर्ने भएकाले चैत्र महिनाको मसान्तमा ब्याज वापतको रकम फिर्ता लिन सक्ने व्यवस्था

८. सेवा शुल्क : रकम जम्मा गर्ने/झिक्ने लगायतका अन्तर बैंक सेवा लिँदा शुल्क नलाग्ने व्यवस्था

९. सुचना : सेवा प्रदायक संस्थाले खाता खुलेको लगायतका जानकारी समयमै सम्पुर्ण विवरण नगरपालिकालाई जानकारी गराउने

प्रमुख प्रशासकीय अधिकृत।

नगर प्रमुख